# अवैध काठसहित दुई टयाक्टर नियन्त्रणमा

**सर्लाही, (नेस)**

प्रहरीले सर्लाहीको बसबरियाबाट अवैधरूपमा कटन गरी रौटहट लैजान लागेको काठसहित एक जनालाई नियन्त्रणमा लिएर डिबिजन वन कार्यालय सर्लाहीमा बुझाएको छ।

इलाका प्रहरी कार्यालय बरहथवाले सर्लाही बहमपुरी-१ घर भएका २९ वर्षका इन्द्रजित सहनीलाई काठ तस्करीमा प्रयोग भएको दुई वटा ट्रयाक्टर र १ सय ७७ क्युफिट काठसहित नियन्त्रणमा लिएको हो। सिमल, सिसौं र पिठारी जातको काठ लोड गरेर लैजाँदै गरेको टयाक्टर नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।



## त्रिपुरासुन्दरी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
### सल्यानटार, धादिङ
### ३ नं प्रदेश, नेपाल

## आन्तरिक आयतर्फको शिलवन्दी वोलपत्र आव्हान सम्बन्धी सूचना

**(दोस्रो पटक सूचना प्रकाशित मिति : २०७६/०९/०२)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ घ(१) घ(२) र घ(६) समेतमा भएको व्यवस्था र यस गाउँकार्यपालिकाको मिति २०७६।०८।२९ को निर्णय अनुसार त्रिपुरासुन्दरी गाउंपालिकाको नदिजन्य पदार्थ (संकलन र उपयोग) कार्याविधि २०७५, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तथा यस गाउंकार्यापालिको निर्णय अनुसार देहाय शीर्षकहरुमा राजस्व असुली सम्बन्धी काम आ.व. २०७६/०७७ को लागि ठेक्काद्धारा गराउनको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रकृया पूरा गरेका योग्य फर्महरुले वोलपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलवन्दी वोलपत्र यस कार्यालयमा पेश गर्न हुन अनुरोध छ । अन्य थप जानकारीका लागि कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

| आय ठेक्का नं. | ठेक्का सम्वन्धी विवरण | आ.व.२०७६/२०७७ का लागि कायम न्यूनतम अंक गाउंकार्यापालिकाको मिति २०७६।०८।२९ को निर्णय अनुसार वाहय र आन्तरिक समेत (मु.अ.क.वाहेक) | संकलन उत्खनन् गर्न पाउने अधिकतम् परिमाण (वार्षिक) रकम अनुसार | वोलपत्र फारम दस्तुर | धरौटी/जमानत रकम |
|---|---|---|---|---|---|
| ४/ २०७६/०७७ | त्रिपुरासुन्दरी गाउंपालिका भित्र वडा नं ४ र ७ मा पर्ने खहरे क्षेडा मसार लपांग रिङ्ने हाइड्रो क्षेत्र (खण्ड घ) मा IEE मा उल्लेखित क्षेत्रहरु वाट ढुंगा,गिटी र वालुवा जस्ता नदी जन्य पदार्थहरुको उत्खनन् /विकी तथा निकासी । | रु २० लाख । | २,९८,५०८ क्यु. फिट | रु १०००/- | कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम |

**ठेक्का सम्वन्धी शर्तहरु :**

१. माथि उल्लेखित ठेक्काको लागि वोलपत्र खरिद गरी शिलवन्दी वोलपत्र भरी समय सिमाभित्र पेश गर्नु पर्दछ ।
२. ठेक्का अवधि २०७६/०७७ को जेठ मसान्तसम्म कायम रहनेछ । तर ठेक्कामा मालसामानको परिमाण एकिन भएको र परिमाण अनुसार कै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पूरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि विकी निकासी गर्न सकिनेछ । साथै परिमाणको आधारमा ठेक्का सम्झौता हुने भएकोले वन्द हड्ताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दावी गर्न पाइनेछैन IEE प्रतिवेदनले निषेधित गरेको अवधि तथा नदी क्षेत्रवाट सामाग्री उत्खनन् गर्न पाइनेछैन तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विकी तथा निकासी गर्न सकिनेछ ।
३. माथि उल्लेखित सवै ठेक्काहरु कवोल अंकको थप मूल्यअभिवृद्धि कर (१३ प्रतिशत) राजश्व ठेक्का लिने फर्मले सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ ।
४. धरौटी वापत कवोल अंकको ५ प्रतिशत रकम यस कार्यालयको मेगा बैंक सल्यानटारमा रहेको धरौटी खाता नं. ०९४००१००३७०७५ मा नगद दाखिला गरेको सक्कल भौचर वा वोलपत्र दाखिला गर्ने अन्तिम मितिवाट १२० सम्म म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकको वैंक जमानत (विड वन्डको सक्कल प्रति) वोलपत्रसाथ संलग्न गरी पेश गर्नपर्नेछ । धरौटी वापत जम्मा गरको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त वैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन वमोजिम फिर्ता गरिनेछ ।
५. नदिजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि २०७५ को दफा ८ को उपदफा २ वमोजिम लिलाम सकार गर्ने वा ठेक्का स्वीकार गर्ने संस्था/फर्म वा कम्पनीले संकलन इज्जाजत लिदा सकार रकम एकमुस्ट सम्झौता गर्नुपूर्व त्रिपुरासुन्दरी गाँउपालिकाको मेगा बैंक सल्यानटारमा रहेका सॉचत खाता नं ०९४००१०००७४४९ मा बुझाई सोको सक्कल भौचर वा कम्तिमा दुई (२) वर्ष म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकको बैंक ग्यारेन्टी (विड वन्ड) वुझाई सो को सक्कल प्रति पेश गर्नुपर्नेछ ।
६. वोलपत्र खरिद गर्दा नियम अनुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको मेगा बैंक सल्यानटारमा रहेकोमा रहेको गाउपालिका सॉचत कोष खाता नं. ०९४००१०००७४४९ मा दाखिला गर्नुपर्दछ।
७. कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने वा नगर्ने संपूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
८. वोलपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुनेछैन ।साथै रित नपुगी आएको वोलपत्र उपर कुनै कारवाही हुनेछैन ।
९. ठेक्कामा कुनै विवाद भएमा त्रिपुरासुन्दरी गाउंपालिकाको निर्णय अन्तिम हुनेछ ।
१०. उपरोक्त ठेक्काको लागि गाउकार्यापालिकाको मिति २०७६।०८।२९ को निर्णय अनुसार सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र वोलपत्र खरिद गरी सो को भोलिपल्ट दिनको १२:०० वजेभित्र यस कार्यालयमा शिलवन्दी वोलपत्र वुझाउनु पर्नेछ ।

११. बोलपत्र फारमहरु खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा क्रमश: सो को भोलिपल्ट सोही समयमा खरिद,दर्ता तथा खोल्ने कार्य गरिनेछ ।

१२. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्रका साथ संलग्न गरिएका आय ठेक्का सम्वन्धी अन्य शर्तहरुका प्रत्येक बुंदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछ ।

१३. यस सूचना तथा बोलपत्रसाथ संलग्न अन्य शर्तहरु पूरा नभएका बोलपत्रहरु मूल्यांकनमा समावेश गरिनेछैन ।

१४. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

१५. आय ठेक्का सम्वन्धी थप अन्य शर्तहरु बुंदा नं. ५ बमोजिम एकमुष्ठ रकम नबुझाएमा कूल कबोल अंक मध्ये पहिलो किस्तामा बुझाउनुपर्ने रकम बाहेक बाँकी मु. अ.कर रकम सहितको ठेक्का अवधिसम्मका त्रिपुरासुन्दरी गाउंपालिकाको निर्धारित ढांचामा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गका वाणिज्य बैंकको जमानत (परफरमेन्स बण्ड)पेश गरे पश्चात माात्र ठेक्का संझौता गरी चलान पुर्जी दिइनेछ ।

१६. आय रकमको भुक्तानी तालिका देहाय बमोजिम हुनेछ ।

| किस्ता | किस्ता बुझाउनु पर्ने मिति | रकम रु |
|---|---|---|
| पहिलो | ठेक्का संझौताको बखत | कबोल अंकको ३० प्रतिशतको दरले हुन आउने रकम |
| दोस्रो | २०७६ साल चैत्र मसान्तभित्र | कबोल अंकको ४० प्रतिशतको दरले हुन आउने रकम |
| तेस्रो | २०७७ साल जेष्ठ १५ भित्र | कबोल अंकको बाँकी ३० प्रतिशतको रकम |

१७. ठेक्का कबोल गर्ने ठेकेदारले त्रिपुरासुन्दरी गाउंपालिकाले तोकेको कर उठाउंदा प्रयोग गर्ने बिक्री तथा निकासी तर्फका रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छुट्टाछुट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियम अनुसार कारवाही गरिनेछ ।

१८. माथि शर्त नं. ३ मा उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम बिक्री तथा निकासी आय खातामा मु.अ.करको हिसाब निकाल्नको लागि रसिद नं.को क्रम अनुसार लेखाङ्कन गरी खाता र रकम मासिक रुपमा त्रिपुरासुन्दरी गाउंपालिकामा बुझाउनु पर्नेछ ।

१९. ठेकेदारले उठाउने कर शुल्क कार्यालयद्धारा तोकिएको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ साथै दररेट सहितको साइनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा नै राखिएको हुनुपर्नेछ ।

२०. ठेक्कामा कुनै विवाद भएमा त्रिपुरासुन्दरी गाउंपालिकाको निर्णय अन्तिम हुनेछ ।

२१. त्रिपुरासुन्दरी गाउंपालिकालाई बुझाउन पर्ने बाँकी बक्यौता भएको व्यक्ति /फर्मको बोलपत्र स्वीकृत गरिने छैन ।

२२. ढुंगा, गिटी,बालुवा,ग्राभेल,रोडा, रातोमाटो आदिको कर प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा बसी संकलन गर्न पाइनेछैन ।

२३. बोलपत्रमा आफूले भरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

२४. तोकिएको समयसिमाभित्र तोकिएको किस्ता रकम बुझाउनुपर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा बैंकबाट जारी गरी पेश गरिएको कार्यसम्पादन जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ । सो मा ठेकेदारले कुनै किसिमको हर्जना रकम दाबी गर्न पाउनेछैन ।

२५. प्रचलित ऐन,नियम,कानून र सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई कुनै हानीनोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

२६. त्रिपुरासुन्दरी गाउंपालिका भित्रका नदी नलाबाट ढुंगा,गिटी, बालुवा बिक्री तथा निकासी गर्ने क्रममा गाउंपालिका भित्रका पक्की पुलको तलमाथि ५०० मी क्षेत्रबाट निर्माण सामाग्री उत्खनन् गरी बिक्री तथा निकासी गर्न कानूनले पूर्णरुपमा प्रतिबन्ध लगाएको हुंदा कर संकलकले सो कुरालाई पूर्णरुपले ध्यान दिन पर्नेछ साथै हेभी इक्युप्मेन्ट (डोजर, स्काभेटर आदि) प्रयोग गरी नदी नलाबाट ढुंगा,गिटी, बालुवा उत्तखननन् गर्न पाइने छैन । ढुंगा, गिटी, बालुवा उत्खनन् तथा संकलन गर्दा स्वीकृत भएको IEE प्रतिवेदनले नक्सांकन गरेको क्षेत्रमा तोकिएको परिमाणमा उत्खनन् गर्न पाइनेछ ।

२७. कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको बोलपत्रलाई मात्र मान्यता दिईनेछ ।

२८. यस कार्यालयमा पेश हुन आएका बोलपत्र, बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएपनि कार्यालयको प्रतिनिधिको रोहबरमा खोल्न सकिनेछ ।

२९. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको २०७६/२०७७ सम्म व्यवसायिक नविकरण प्रमाणपत्रको प्रतिलिपि ,स्थायी लेखा नम्बर, मू.अ. कर प्रमाणपत्रको प्रतिलिपि र २०७५/०७६ सम्मको करचुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी पेश गर्नुपर्नेछ ।

३०. बोलपत्र फारम नियमानुसारको राजश्व रकम तिरी त्रिपुरासुन्दरी गाउंपालिकाको कार्यालय सल्यानटार धादिङबाट प्राप्त गर्न सकिनेछ ।

३१. ढुंगा,गिटी बालुवा, रोडा आदिको संकलन, उत्खनन् तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समिति, त्रिपुरासुन्दरी गाउंपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्णरुपले पालना गर्नुपर्नेछ

३२. IEE ले तोकेको प्रभाव बढोत्तरीकरण एवं न्युनिकरणका लागि ठेकेदार पक्षले गर्नु पर्ने तोकेको उपाए कार्यान्वयन गर्ने तथा त्यस बापत लाग्ने खर्च समेत ठेकेदार पक्षले व्यहोर्नु पर्नेछ ।

३३. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने साथै उल्लेख नभएका कुराहरुको हकमा प्रदेश सरकार प्रदेश नं.३ को नदीजन्य पदार्थ संकलन र उपयोग कार्यविधि २०७५ र प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृत पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

३४. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**